# शिक्षक सेवा आयोगको अत्यन्त्य जरुरी सूचना

यस आयोगद्वारा मिति २०७३।१२।१९ गते प्रकाशित विज्ञापन बमोजिम परीक्षामा सहभागी हुन आवेदन फाराम भरेका केही उम्मेदवारहरुको दरखास्त फाराम रुजु गर्दा परीक्षा दिने विज्ञापन नं., तह र विषयवीच तालमेल नदेखिएकोले त्यस्ता दरखास्त फारामहरु देहाय बमोजिम स्वीकृत गरिने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. वि.नं. १०३, २०३ र ३०३ को लागि दरखास्त दिने उम्मेदवार सम्वत् २०७२।०६।०२ गतेसम्म जुन तहमा कार्यरत रहेको हो सोही तहको परीक्षा दिनु पर्ने । २०७२।०६।०२ पछि विस्थापित भई पुर्नस्थापित भएका उम्मेदवारले पुर्नस्थापित भएको तहमा परीक्षा दिन पाउने छैनन् ।

२. वि.नं. २०२, २०३, ३०२ र ३०३ को लागि दरखास्त दिने उम्मेदवारहरुले तोकिएको न्यूनतम शैक्षिक योग्यतामा उल्लेखित मूल विषयमा परीक्षा दिनुपर्ने छ ।

३. उम्मेदवारहरुले दरखास्त साथ पेश गरेका कागजातका आधारमा परीक्षा दिने विज्ञापन नं. कायम गरिएको छ । लिखित परीक्षामा उत्तीर्ण भै अन्तरवार्ताको लागि छनौट हुने उम्मेदवारहरुले पेश गर्नु पर्ने कागजात र उजुरीको क्रममा प्राप्त प्रमाणवीच फरक परेमा उम्मेदवारले प्रतिस्पर्धा गर्न पाउने विज्ञापन नं. तदनुरुप परिवर्तन हुन सक्नेछ ।

४. आयोगको पूर्व सूचनामा उल्लेखित शर्त पूरा नगरेको र म्याद नाघी दर्ता भएका दरखास्तहरु अस्वीकृत हुनेछन् ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६